नेपाली राजदूतावास
नयाँदिल्ली

# बारम्बार सोधिने प्रश्नहरू

१. नेपाली नागरिकले नेपालबाट कुन मार्ग प्रयोग गरी भारत भ्रमण गर्न पाइन्छ ?

कुनै पनि नेपाली नागरिकले स्थलमार्ग (बस, रेल) वा हवाइमार्ग प्रयोग गरी भारत भ्रमण गर्न पाइन्छ ।

२. नेपाली नागरिकले नेपालबाट भारत आउनको लागि कुन परिचय-पत्र साथमा लिनु पर्ने हुन्छ ?

नेपाली नागरिकले भारत आउँदा राहदानी अथवा नागरिकताको प्रमाण-पत्र साथमा लिनु पर्ने हुन्छ ।

३. स्थलमार्ग (बस, रेल) बाट भारत प्रवेश गरी हवाइमार्गबाट नेपाल फर्किन पाइन्छ कि पाइदैन ?

पाइन्छ ।

४. नेपालबाट भारत आई भारतबाटै अन्य तेश्रो मुलुक उड्न नपाइने हो ?

- स्थलमार्ग (बस, रेल) बाट भारत प्रवेश गरेको भएमा भारतबाट तेश्रो मुलुक उडान गर्न समस्या देखिने गरेको छ ।
- भारतबाट तेश्रो मुलुक उडान गर्न राहदानीमा भारत प्रवेशको छाप (Arrival Stamp) लगाइएको हुनु पर्छ ।
- राहदानी प्रयोग गरी नेपालबाट विमानमा उडेर भारत आउँदा राहदानीमा भारत प्रवेश गरेको छाप (Arrival Stamp) लगाइने भएकोले भारतबाटै तेश्रो मुलुक उड्न पाइन्छ ।
- नागरिकताको प्रमाण-पत्र साथमा लिएर नेपालबाट विमानमा भारत आउँदा नागरिकताको प्रमाण-पत्रमा त्यस्तो छाप (Arrival Stamp) नलगाइने भएकोले भारतबाट तेश्रो मुलुक उड्न समस्या देखिने गरेको छ ।
- खुला सिमाको दुरुपयोग गर्दै मानव तस्करी समेत हुने गरेको परिप्रेक्ष्यमा नेपाली नागरिकहरूको प्रस्थान अनुमति सम्बन्धमा नेपालको अध्यागमन बिभागले स्थलमार्गबाट भारत जाने नेपाली नागरिकको राहदानीमा प्रस्थान छाप (Departure Stamp) नदिने/नलगाउने व्यवस्था कार्यान्वयन गर्न सीमास्थित अध्यागमन कार्यालयलाई मिति २०७६/०२/०६ को पत्रबाट स्पष्ट निर्देशन दिएको छ । फलस्वरुप राहदानी नै प्रयोग गरी नेपालबाट स्थलमार्ग हुँदै भारत आए पनि राहदानीमा नेपाली अध्यागमन कार्यालयले Departure Stamp नलगाउने गरेको, जसअनुसार सीमा पारी भारतीय अध्यागमनले समेत आगमन छाप (Arrival Stamp) नलगाउने भएकोले निजहरूलाई भारतीय

विमानास्थलबाट तेश्रो मुलुक उडान अनुमती नदिइने गरेको छ । तर हवाइमार्गबाट नेपाल फर्किन कुनै समस्या रहेको छैन ।

- नेपालबाट भारत ट्रान्जिट भई तेश्रो मुलुक जान कुनै समस्या रहेको छैन ।

५. **नेपाली नागरिकले भारतबाट कुन कुन देश जानका No Objection Certificate (NOC) आवश्यक हुन्छ ?**

वैदेशिक रोजगारीका लागि नेपाली नागरिकलाई भारतीय विमानस्थलबाट मध्यपूर्वका साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स, ओमान, बहराइन, लेवनन, सिरिया र इराक उड्न नेपाल सरकारले रोक लगाएको तर वैदेशिक रोजगार विभागको श्रम स्वीकृति (Employment Permit) को स्टिकर लगाएर आएका नेपालीहरूलाई दूतावासबाट जारी No Objection Certificate बाट ती मुलुक उड्न अनुमति दिइने गरेको छ ।

६. **नेपाल बाहेक अन्य देशबाट भारत आई भारतबाटै सोही देश वा अन्य तेश्रो मुलुक उड्न नपाइने हो?**

होइन । पाइन्छ । जुन सुकै देशबाट विमानमा उडेर भारत आउँदा यात्रीको राहदानीमा भारतीय अध्यागमनबाट भारत प्रवेश गरेको छाप (Arrival Stamp) लगाइने भएकोले उक्त देश वा अन्य तेश्रो मुलुक उड्न समस्या रहदैन ।

तर मध्यपूर्वका माथि नं. ५ मा उल्लेखित नौ वटा मुलुकबाट भारत आएको अवस्थामा हरेक पटक सोही नम्बरमा उल्लेख गरिए बमोजिम गर्नु पर्ने छ ।

एउटा उदाहरणः कुनै तेश्रो मुलुकबाट भारत आई Arrival Stamp लगाइयो, केही दिन भारत बसाइ पछि भारतीय विमानस्थलबाट उडेर (Departure Stamp लगाएर) नेपाल गइयो र नेपालबाट स्थलमार्ग हुँदै भारत आई तेश्रो मुलुक उड्न खोजियो भने उडान अनुमति पाउन समस्या पर्छ । किनभने भारतबाट उड्नका लागि राहदानीमा एक पटक Departure छाप लागे पछि Arrival Stamp समेत देखिनु पर्छ ।